दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ३९ | बुटवल | २०८२ माघ १९ गते, सोमबार | नेपाल संवत ११४६ | Monday February 02, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

## दल फुटाउन केन्द्रीय समिति र संसदीय दलमा ४० प्रतिशत अनिवार्य

बुटवल । निर्वाचन आयोगले राजनीतिक दल विभाजनसम्बन्धी नियमावली, २०८२ जारी गरेको छ। राजपत्रमा प्रकाशित नयाँ नियमावलीले हालको व्यवस्थालाई खारेज गरेको हो।

पार्टीबाट फुटेर नयाँ दल गठनका लागि केन्द्रीय समिति र संसदीय दल दुवैतर्फ ४० प्रतिशत चाहिने छ। यसअघि राजनीतिक दलसम्बन्धी नियमावली २०७४ मा रहेको व्यवस्थाअनुसार केन्द्रीय समितिको २० प्रतिशत वा संसदीय दलको २० प्रतिशत सदस्य भएमा पनि दल विभाजन गर्न मिल्ने व्यवस्था थियो।

संशोधनले २० प्रतिशतको सीमालाई बढाएर छ। भने अब कम्तीमा ४० प्रतिशत चाहिने छ। अब कुनै पनि दलबाट छुट्टिएर नयाँ दल दर्ता गर्नका लागि केन्द्रीय समिति र सङ्घीय संसदको संसदीय दलको कम्तीमा ४० प्रतिशत सदस्य अनिवार्य चाहिनेछ।

प्रकाशित नियमावलीको नियम ५ मा गरिएको यो संशोधनले साविकको महाधिवेशनबाट निर्वाचित भन्ने पदावलीलाई समेत परिमार्जन गर्दै समग्र केन्द्रीय समितिको संख्यालाई आधार मानेको छ।

यो नियमावली राजपत्रमा सूचना प्रकाशित भएसँगै लागू भएको छ।

यो नयाँ नियमसँगै राजनीतिक दलभित्र सानो समूहले चाहेकै भरमा पार्टी फुटाउन पाउने बाटो बन्द भएको छ।

## बालेनको प्रचारमा गएका पत्रकार सिटौलाको निधन



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) को चुनावी प्रचारमा सहभागी भइरहेका चलचित्र पत्रकार दिनेश सिटौलाको निधन भएको छ। ग्राण्डी अस्पतालले विज्ञप्ति निकालेर उनको आइतबार दिउँसो १२ः४५ बजे निधन भएको जानकारी दिएको हो।

उनी अछाममा रास्वपा उम्मेदवार भूपदेव शाहको घर अगाडि रहेका बेला एक्कासी बेहोस भएका थिए।

त्यसपछि उनलाई सेनाको हेलिकप्टरमार्फत् तत्काल काठमाडौं ल्याई काठमाडौं ग्राण्डी अस्पताल भर्ना गरिएको थियो। अस्पतालबाट जारी विज्ञप्तिमा लेखिएको छ-'गम्भीर इन्टेन्सिभ केयरका बाबजुद ४८ घण्टापछि न्यूरोलोजिकल अवस्थामा कुनै सुधार देखा परेन र मस्तिष्कको कार्यक्षमता पुनः प्राप्तिको कुनै संकेत थिएन। र उहाँको १२ः४५ बजे निधन भएको जानकारी गराउँछौं।' अस्पतालका अनुसार उनलाई सब-अरैक्नोइड हेमरेज भएको थियो।

बालेनको चुनावी प्रचारका लागि सुदुरपपिश्चम भ्रमणमा जाँदा काठमाडौंबाट १६ जनाको टिममा उनी पनि थिए।

सिटौला 'द सिनेमा टाइम्स' अनलाइन पोर्टलका सम्पादक र अध्यक्ष हुन्। यसअघि कुनै पनि पार्टीगत गतिविधिमा नदेखिने गरेका सिटौला साथीभाइको हिसाबले बालेनलाई सहयोग गर्न गएका हुन्। उनी रास्वपामा आबद्ध थिएनन्। बेहोश भएर ढल्नुअघिसम्म सिटौलाले आफ्नो कुनै पनि स्वास्थ्य समस्याको सिकायत गरेका थिएनन्। उनी पूर्णरूपमा सामान्य अवस्थामा थिए। घटना भएको दिन बिहान साढे ५ बजे उठेर अरू साथीहरूको पनि ढोका ढक्ढकाउँदै उठाएका थिए। कुनै पनि पूर्वसंकेतबिना बिहान साढे ९ बजेतिर उनी ढलेका हुन्। त्यसबेला बालेन घटनास्थलमा थिएनन्।

बालेनसहितको टोली बिहीबार बिहान बझाङबाट डोटीका लागि प्रस्थान गरेको थियो। अप्ठेरो बाटोमा पछिपछि रहेका दुईवटा स्कार्पियो गाडीको टायर पड्कियो। बालेनसहितका मुख्य व्यक्तिहरू चढेको गाडी सरासर डोटीतर्फ लाग्यो भने दुईवटा गाडीमा रहेका ९ जना धेरैबेर रोकिए। सिटौला पनि त्यही गाडीमा थिए। गाडी बनाएर हिँड्न ढिलाइ भएपछि उनीहरू बाजुरामा बास बसे। बाजुराको एउटा होटलमा ७ जना र अर्को होटलमा २ जनालाई सुत्ने व्यवस्था मिलाइयो।

राति सबैजना सामान्य खाना खाएर सुतेका थिए। सिटौला र एकजना पत्रकारलाई एउटा रूममा राखिएको थियो। ती पत्रकारले चुरोट खाने भएकाले सिटौलाले होटलको रूम चेञ्ज गरेर भुपदेव शाहको रूममा सुतेका थिए।

होटलबाट निस्किएर ९ जनाको टोली अछामतर्फ लागेको थियो। अछाममा भूपदेव शाहको घर अगाडि गाडी रोकियो। बालेनको टोली उताबाट आइसकेको थिएन। दुवै गाडी रोकेर सबैजना बाहिर निस्किए। सिटौला पनि बाहिर निस्किएर भुपदेवको घर र वरिपरिको माहोल नियाल्न थाले।

» बाँकी ३ पेजमा

नेकपा माओवादीको घोषणापत्र :

# कार्यकारी प्रमुख राष्ट्रपति, संसद पूर्ण समानुपातिक




लुम्बिनी संवाददाता

*बुटवल*

नेत्रविक्रम चन्द नेतृत्वको नेकपा (माओवादी)ले मुलुकको कार्यकारी प्रमुख राष्ट्रपति हुनुपर्ने प्रस्तावसहितको चुनावी घोषणा पत्र सार्वजनिक गरेको छ।

आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गरी सो पार्टीका महासचिव विप्लवले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुनुपर्ने व्यवस्थामा जोड दिएर आफ्नो पार्टीले चुनावी घोषणा पत्र सार्वजनिक गरेको बताएका हुन्।

घोषणा पत्रमा प्रतिनिधिसभा पूर्ण समानुपातिक हुनुपर्ने र सरकारमा विज्ञहरूको सहभागितालाई प्राथमिकतामा राख्नुपर्ने उल्लेख गरिएको छ।

महासचिव विप्लवले प्रतिनिधि सभामा सबै वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व गराउनेगरी पूर्णसमानुपातिक हुनुपर्ने प्रशताव गरिएको बताए। उनले सरकारमा विज्ञहरूको उपस्थितिलाई बलियो बनाउने कुरालाई घोषणा पत्रमा प्राथमिकता दिइएको जनाए।

उनले भने-'संविधान पुनर्लेखन गरिनेछ। विभिन्न जाति, क्षेत्र र लिंगका मानिसहरूको अधिकारलाई सुनिश्चित गरिनेछ। शासकीय स्वरूपमा नेपालको कार्यकारी प्रमुख राष्ट्रपति प्रणालीमा जानुपर्छ भनेर हामीले यहाँ प्रस्ताव गरेका छौं। त्यो राष्ट्रपतीय प्रणालीमा जाँदा संविधानको नयाँ व्यवस्था र राज्यको नयाँ पुनर्संरचनासहित जाँदा शासकीय स्वरूप राष्ट्रपति र त्यसको त्यसको निर्वाचन प्रत्यक्ष जनताद्वारा हुने व्यवस्था गर्नुपर्छ भन्ने हाम्रो दोस्रो व्यवस्था छ। प्रतिनिधिसभा पूर्ण समानुपातिक हुनुपर्छ। विज्ञसहितको कार्यपालिका हुनुपर्छ भन्ने हाम्रो दृष्टिकोण छ।'

घोषणा पत्रमा युवाहरूको विदेश पलायनलाई रोक्नका लागि देशभित्रै रोजगारीको अवस्था सिर्जना गर्ने, भारतसँग गरिएको कुनै पनि खालका असमान सन्धि सम्झौता खारेज गर्नेलगायतका बुँदा समावेश गरिएका छन्।

महासचिव विप्लवले आर्थिक क्षेत्रको विकासका लागि आम जनतालाई उत्पादनमा जोड्नेगरी काम गर्नुपर्ने प्रतिबद्धता पनि आफूहरूको रहेको बताए।

संविधान पुनर्लेखनको विषयलाई घोषणा पत्रमा उल्लेख गरिएको छ। यसअघि राष्ट्रिय जनमोर्चा र राष्ट्रिय जनमुक्ति पार्टीले घोषणापत्र सार्वजनिक गरिसकेका छन्। प्रमुख चार दल कांग्रेस, एमाले, नेकपा र रास्वपाले भने अझै घोषणापत्र ल्याएका छनन्। रास्वपाले फागुन पहिलो साता ल्याउने बताएको छ।

## नयाँ पार्टीहरूलाई सत्तामा पुग्ने हतारो मात्रै : विप्लव

बुटवल । नेकपा (माओवादी) का महासचिव नेत्रविक्रम चन्द विप्लवले नयाँ भनिएका पार्टीहरू सत्तामा पुग्ने हतारो गरिरहेको टिप्पणी गरेका छन्।

आइतबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले लोकप्रियतावादको नारा उरालेर जनतामा भ्रम छर्दै नयाँ भनिएको पार्टीहरूले सत्तामा पुग्नका लागि हतार गरिरहेको आरोप लगाए।

महासचिव विप्लवले नयाँ पार्टीहरूले विचार केही होइन, व्यक्ति भए हुन्छ भनेर पुँजीवाद संस्कार अंगिकार गरेको जिकिर गरे।

उनले विचार केही होइन भन्नेहरूले उपभोगवादी संस्कृतिलाई प्राथमिकतामा राखेको समेत बताए।

महासचिव विप्लवले भने-'विचार केही होइन, पार्टी र नेता भए हुन्छ। यो त नयाँ भन्नेहरूको सिद्धान्त हो। अहिले के देखिन्छ भने सिद्धान्त र विचारको कुरा गर्नु हुँदैन। किन यस्तो कुरा गर्ने भन्ने के, यो कस्तो तरिका हो भने भने पुँजीवादीहरूको तरिका हो। पुँजीवादमा पनि अहिले यो लोकप्रियतावादको नारा हो यो। मान्छे देखाउने, अनि केही भ्रम छर्ने अनि हत्तनपत्त सत्तामा पुगेर गरिहालिन्छ भन्ने यो उपभोगवादी र लोकप्रियतावादी नारा हो। त्यसो हुनुहुँदैन।'

महासचिव चन्दले कम्युनिस्ट पार्टीहरूबिचको एकता प्रक्रियाबाट आफ्नो पार्टी पछि हटेको भनेर भ्रम छर्ने काम गरिएको प्रतिक्रिया दिए।

## नयाँको नाममा जेलेन्स्की जस्ता नेतृत्वमा आउँदा देश ध्वस्त हुन्छ : पाण्डे




बुटवल । पूर्वमन्त्री एवं नेपाली कम्युनिष्ट पार्टीका पाल्पा २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार सोमप्रसाद पाण्डेले राष्ट्रिय स्वतन्त्र पार्टीसँग नयाँ विचार, सिद्धान्त र कार्यक्रम केही नभएको बताएका छन्।

आइतबार बुटवलमा पत्रकारहरूसँगको अन्तरक्रियामा पाण्डेले रास्वपाका नेता र उम्मेदवारले हामी नयाँ हौं मात्रै भनेर समाजलाई दिग्भ्रमित बनाएको टिप्पणी गरे। 'संसारमा दुईथरि वाद छन् एउटा समाजवाद र अर्को पुँजीवाद, तर रास्वपा के हो प्रष्ट छैन, खाली नयाँ हौं भन्ने रटान लगाएर मात्र हुन्छ ?,' प्रश्न गर्दै पाण्डेले भने-'नयाँको नाममा जेलेन्स्की जस्ता सरकारको नेतृत्वमा आउँदा युक्रेन ध्वस्त बनाएको पनि हामीले देख्यौं, पाको उमेरका जो बाइडेनले अमेरिका र भ्लामिदिर पुटिनले रूसमा राम्रो गरेको पनि देखेकै छौं।'

पाण्डेले भदौ २३ को आन्दोलन जायज भए पनि भदौ २४ गते बिहान ८ बजेदेखि नै आगजनी सुरु गरेर सर्वोच्च अदालत, सिंहदरबारलगायत मुलुकका महत्वपूर्ण संरचना जलाइएको घटनाले संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रलाई कमजोर बनाउने योजनाबद्ध खेल भएको गम्भीर आशंका उब्जिएको टिप्पणी गरे।

'विश्वमा जतिसुकै ठूला आन्दोलन भए पनि मुलुकको स्वाधीनता, स्वतन्त्रताका दस्तावेज भएका सिंहदरबार र सर्वोच्च अदालत जलाइएको उदाहरण छैन,' पाण्डेले भने-'विगतमा भएका आन्दोलन र राजनीतिक परिवर्तनपछि बनेका कुनै पनि सरकारलाई दलाई लामाबाट बधाई आएको थिएन, तर यसपटक आउनुले थुप्रै आशंका जन्माएको छ।'

शक्ति राष्ट्रहरूले आफ्नो स्वार्थअनुसार षड्यन्त्रको तानाबाना बुनेर आक्रमण गरेका अन्यत्र थुप्रै उदाहरण भएका उल्लेख गर्दै पाण्डेले नेपाली जनताले लडेर ल्याएको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रलाई जोगाउन संविधान पक्षधर सबै दल मिलेर अघि बढ्नुपर्ने तर्क गरे। पाण्डेले सिद्धबाबा सुरूङमार्ग योजना अघि नबढे अनसन बस्ने कार्यक्रम घोषणापछि काम अघि बढेको र १० अर्ब ५० करोड बजेटको स्रोत सुनिश्चितका लागि पनि पहल गरेको दाबी गरे। अधुरा योजना पूरा र क्षेत्रको आवश्यकताअनुसार नयाँ योजनाका लागि उम्मेदवारी दिएको पाण्डेको भनाइ छ।

पाण्डेले तानसेनलाई ऐतिहासिक बौद्ध शहर र बुद्ध गार्डेनका रूपमा र श्रीनगरलाई हिल स्टेशनका रूपमा लुम्बिनीसँग जोडेर विकास गर्ने आफ्नो प्राथमिकता रहेको बताए।

## रूपन्देहीको विकास अध्ययन गर्न योजनाविद्लाई पौडेलको आग्रह



बुटवल । पूर्वउपप्रधान तथा अर्थमन्त्री एवं नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेलले रूपन्देहीको विकासको अध्ययन गर्न योजनाविद् र विज्ञ टोलीलाई आग्रह गरेका छन्।

"रूपन्देहीको विकास देशमै नमूना भएको हाम्रो ठहर छ, यसबारे योजनाविद्हरूले गहिरो अध्ययन गर्न आवश्यक छ।"- उनले भने।

रूपन्देही निर्वाचन क्षेत्र नम्बर २ का उम्मेदवार समेत रहेका एमाले उपाध्यक्ष पौडेलले आइतबार बुटवल उप-महानगरपालिका वडा नम्बर ५ मा निर्वाचन परिचालन कमिटीको कार्यालय उद्घाटन कार्यक्रममा बोल्दै यस्तो बताएका हुन्। उनले विकासलाई भावनात्मक नारामा सीमित नगरी अध्ययन, योजना र प्राथमिकतामा आधारित बनाइने स्पष्ट पारे। उनले भने-"हामी विकासलाई नारा होइन, नतिजाबाट प्रमाणित गर्छौं, त्यसैले रूपन्देहीको समग्र विकासबारे विज्ञ योजनाविद्हरूले अध्ययन गर्नुपर्छ।"

पौडेलले आफू जनताको सेवक भएर काम गर्ने स्वभावको भएको उल्लेख गर्दै जनतासँगको सम्बन्धको महत्वलाई बुझेरै राजनीति गरिरहेको बताए। "जनताको सेवक भएर काम गर्नु मेरो स्वभाव हो, रूपन्देहीवासीको सेवाका लागि म सधैँ तयार छु।"- उनले भने।

उनका अनुसार रूपन्देही-२ लाई शिक्षा, स्वास्थ्य र रोजगारीको अवसरको केन्द्रका रूपमा विकास गरिनेछ। "हामी यो क्षेत्रलाई सबैभन्दा विकसित र व्यवस्थित जीवनशैलीको बस्ती बनाउँछौं, यसका लागि स्पष्ट प्राथमिकता निर्धारण गरेर अघि बढ्छौं।"- पौडेलले भने।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## घोषणापत्रमा दलसँग गरेका अपेक्षा

आगामी फागुन २१ को निर्वाचनका लागि राजनैतिक दलहरू घोषणापत्र बनाउँदैछन् । घोषणपत्र दलहरूको जनतासमक्ष गर्ने वाचा हो । चुनाव जितेपछि गर्ने कामको सूची हो । दलहरूले के-कस्तो घोषणा पत्र बनाउँदैछन् भन्ने बारेमा सबैको चासो हुनु स्वभाविकै हो ।

यतिखेर निजी क्षेत्रले दलहरूले बनाउने घोषणापत्रलाई ब्यग्रताका साथ हेरिरहेका छन् । उनीहरूले लगानीको सुरक्षा, शान्ति र विश्वासको वातावरण सुनिश्चित गर्नुपर्ने प्रतिबद्धता माग गरेका छन् । जेनजी आन्दोलनका कारण निजी क्षेत्र त्रसित बनेको छ । जेनजी आन्दोलनमा सार्वजनिक सम्पत्ति मात्रै नभएर निजी क्षेत्रको ८० अर्ब सम्पत्तिमा आगजनी भयो । निजी क्षेत्रप्रति जुन ढंगले आक्रमण भयो, त्यसले त्रसित भएको निजी क्षेत्र उठ्न सकेको छैन । विश्वासको वातावरण टुटेको छ । लगानीका लागि सस्तो ब्याजमा बैंकले लगानी गर्न खोज्दा समेत ऋण लिन व्यवसायी अनिच्छुक देखिन्छन् । उद्योगी व्यवसायीहरूको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघले  निजी क्षेत्र संरक्षण एंव प्रवर्द्धन योजनाअन्तर्गत १५ बुँदे प्रतिबद्धता प्रस्ताव गरेको छ । जेनजी आन्दोलनपछि निजी उद्यम, व्यवसाय र आवासको सुरक्षाको मुद्दा गम्भीर बनेको महासंघले निजी क्षेत्रको सुरक्षाप्रति दलहरूले महत्व दिनुपर्ने माग गरेको छ ।

निजी क्षेत्रले नेपालको अर्थतन्त्रमा करिब ८१ प्रतिशत योगदान दिइरहेको छ । त्यसैगरी ८६ प्रतिशत रोजगारी श्रृजना गरिहेको निजी क्षेत्रलाई उपेक्षा होइन्, विश्वासिलो साझेदारी आवश्यक छ । नेपालको अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रलाई सँगै लिएर अघि बढ्नुको विकल्प छैन । अहिले निजी क्षेत्रले सामान्य आश्वासन होइन, दरिलो साथ र भरोसा खोजेको छ । आश्वासनको पोकाले निजी क्षेत्र किन विश्वास गर्न सक्तैन भने आश्वासनले मात्रै समस्या समाधान होइन, विश्वासिलो समस्या समाधानको खाका खोजेको छ । कार्ययोजना कार्यान्वयनको आधार खोजेको छ । महासंघले राजनैतिक दलहरूलाई संविधान प्रदत्त सम्पत्तिको हकको सम्मान, निर्वाध पेशा व्यवसाय सञ्चालनको सुनिश्चितता र नीतिगत स्थायित्व कायम गर्ने प्रतिबद्धता घोषणापत्रमा समेट्न गरेको माग जायज छ । समाजवाद उन्मुख अर्थतन्त्र र तीन खम्बे नीतिले निजी क्षेत्रलाई पूर्ण उत्साहित बनाउन नसकेको भन्दै महासंघले निजी-सार्वजनिक साझेदारीमा आधारित नवप्रवर्तनमुखी उद्यमशील र समावेशी आर्थिक नीति खोजेको छ ।

घोषणापत्र सार्वजनिक गर्नुअघि निजी क्षेत्रको छाता संगठनले दलहरूलाई झक्झकाउने काम गर्नु सकारात्मक छ । समग्र मुद्दाको समाधान गर्न दल र सरकारलाई खबरदारी गर्नुपर्ने उद्योग वाणिज्य संघका नेताहरू संघलाई व्यक्तिगत स्वार्थपूर्तिको औजार बनाएको आरोप पनि लाग्दै आएको छ । सत्ता निकट रहेर आफ्नो व्यवसायिक प्रवर्द्धन गर्ने मार्ग बनाउने साधन बनाउँदा समग्र निजी क्षेत्रको स्वार्थ पूर्ति हुन सक्तैन् । सत्तासँगको अपवित्र गठजोडमा लाग्ने प्रवृत्तिलाई निरूत्साहित गर्दै नीतिगत सुधारका लागि इमान्दारीपूर्वक प्रयास नै अहिलेको माग हो ।

# पदभन्दा ठूलो देश र लोकतन्त्र होइन ?



झपेन्द्र जिसी

पार्टी पिच्छे अमुक अमुक नेतालाई प्रधानमन्त्री बनाउने भनेर पार्टीहरूले घोषणा गर्दैछन् । हाम्रो संविधानले संसदमा बहुमत प्राप्त गर्ने दलको नेता (संसदीय दल) को नेतालाई प्रधानमन्त्री बनाउने प्रावधान छ । निर्वाचन नहुँदै, बहुमत आउँदै अमुक व्यक्तिलाई प्रधानमन्त्री बनाउने भनेर घोषणा गर्नु जनतालाई मूर्ख बनाउने तयारी हो । यस्तो नगर । गर्दै नगर । नेताहरुले संविधान र ऐनको अक्षर र भावनालाई पढ, मनन गर ! मनपरी नगर ।

सुनिन्थ्यो, पढ्न्थ्यो-कोही कोहीले भनेको र लेखेका -विचित्रको नेपाल ! हाम्रो नेपाली भाषामा प्रचलित छ नानी पाउने कहिले हो कहिले ! भोटो सिउने अहिले ! यी लोकोक्तिलाई पुरै नकार्न त सकिन्न । लोकको अभ्यास र प्रयोगबाट जन्मिएका हुँदा यसबाट सिक्न जरुरी छ ।

अचेल हाम्रो देशमा चुनावको माचो छ !

रूमकि हासम् ला'को छ !

राजनीतिलाई सम्पूर्ण नीतिहरुको माउ नीति मानिन्छ र हो पनि । राजनीतिको नीति समसामयिक र व्यवहारिक हुने हो भने अन्य तपसीलका नीतिहरु, शिक्षा नीति, सामाजिक नीति, नियम, साहित्यिक नीतिनियम पनि त्यहीअनुसार बन्ने गर्दछन् । यस्ता नीतिनियमले देशलाई उभोतिर लैजान्छ ।

तर यसको विपरीत स्वतन्त्रता र लोकतन्त्रका नाममा असन्तुलित नीतिनियमहरु र प्राक्टिसहरु हुन थाले भने देश उँभोतिर होइन, उँधोतिर लाग्न थाल्छ ।

हाम्रो देशमा विकास सिकाउन, सामाजिक परिचालनको पाठ पढाउन, प्रजातन्त्रको पाठ पढाउन, लोकतान्त्रिक पाठ पढाउन, गणतन्त्रको पाठ पढाउन, अमेरिका र युरोप भारतलगायत  धेरै देशहरुबाट कथित गुरु बनेर आए । उनीहरुले आफूलाई विशेषज्ञको रुपमा आफ्नो परिचय प्रस्तुत गरे । साँच्चै नै नेपाली नेताहरु जनताहरुले उनीहरुलाई विज्ञ नै ठाने ! विज्ञ माने । तिनीहरुले आयोजना गरेका गोष्ठी सेमिनारमाा २/३ घण्टा बसिदिए । बसिदिए बापत चाहा बिस्कुट वा चाहा समसा खान पाउँदा र त्यहाँबाट फर्किदा १००/ २०० रुपैयाँ पाउँदा हामी मख्ख पर्‍यौं । लामो समयसम्म ठोस काम सम्पादन गर्नुभन्दा समय गुजार्ने काम भए ।

खुब गफ गर्न जान्ने भयौं । गफ पनि कस्तो भन्दाखेरि आटो नपिठाको । समाजका अगुवाहरुको आलोचना गर्न सिकौं । फेसबुक इन्स्टाग्रामजस्ता सामाजिक सञ्जाल चलाउन पनि जन्यौं, यसमा तथ्यमा आधारित सत्य कुराभन्दा भए नभएका  काल्पनिक लेख्न मज्जा मान्यौं । सामाजिक अगुवाहरुलाई फटाहा ! धमिरा, घुन शोषक, भ्रष्टाचारीको बापत लगाउन खप्पिस भयौं ।

हामीले हातका मैला सुनका थैला के गर्नु धनले !

साग र सिस्नो खाएको बेस आननन्दी मनले क्षत्रीको छोरो यो पाउ छुन्छ, घिनले छुँदैन ।

मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ।

भन्ने महाकवि लक्ष्मीप्रसाद देवकोटा सचेत मुनामदन पढाएनौं वा पढेनौं ।

हामीले सत्य बोल (सत्यंवद) सानालाई स्नेह गर वा माया गर । ठूलालाई सम्मान गर पढाएनौं वा पढेनौं ।

आगो ताप्नु मूढाको कुरा सुन्नु बूढाको अर्थ बुझेनौं र आफ्ना छोराछोरीलाई बुझाएनौं । हामीले बुद्धको अष्टाङ्गिक मार्ग पढेनौं । पढाएनौं ।

बुद्धको अहिंसा परमो धर्म पढाएनौ पढ्दै पढेनौं ।

त्यति मात्र होइन माओत्सेतुङको तीन आठ नियम- बाली नबिगार, सापट लिएको सामान फिर्ता गर । महिलाहरुसँग छाडा व्यवहार नगर जस्ता महापुरुषहरुले सिकाएका आदर्श वाक्य र परम्परालाई पनि चटक्कै बिस्यौं ।

सारत पीएचडी गरे पनि समाज परिवर्तनका चालक नियमहरु पढ्न, बुझ्न र बुझाउनतिर लागेनौं ।

त्यसैले भाद्र २३ र २४ गते युवाको नाममा सरकार ढाल्नतिर बलिया बाँकाहरु लागे, सिंहदरबारदेखि प्रहरी चौकी, ठाना, स्वास्थ्य चौकी, ठाना, गाउँपालिका, नगरपालिका र वडा भवनतिर भत्काउन लागे, भत्काइए । कोही कोहीले यसैलाई भन्छन्- क्रान्ति ! यो क्रान्ति थिएन । होइन, यो त भ्रान्ति मात्र थियो । त्यो कथित क्रान्तिले दिए के त ? सकारात्मक परिणाम के आयो त ? छैन । केही छैन । प्राप्त भएको परिणाम खरानीको थुप्रो हो ।

दाउरा बालेपछि खरानी बन्छ । घर भवन जलाएपछि खरानी बन्छ । मान्छे जलाए पनि खरानी बन्छ । खरानीमा पूर्व वस्तु हुँदैन । त्यसैलाई क्रान्ति ठान्ने हो भने समाज कस्तो बन्ला ? यस खालका प्रवृत्तिलाई राजनीति मान्ने वा भन्ने हो भने अराजकता नै राजनीति हुन जान्छ । अनुशासनहीनतालाई राजनीतिको शिरपोश दिन पुगिन्छ होला !

विदेशी वा कसैले उक्साएर सडकतिर टायर बाल्न वा अर्काको घर जलाउन वा सिंहदरबार जलाउन जाँदैछु, उही कर्ता (एक्टर) लाई नै थाहा नहुन सक्छ । यस्तो आरोपित गरे ऊ स्वीकार गर्न तयार छैन ।

युवा युवा भन्छन् ! भविष्य युवाकै हो । आजकल त नवयुवा पनि भन्छन्, युवा र नवयुवामा के भिन्नता छ ? आजका बुढा नेताहरुले किशोर अवस्थादेखि नै राजनीतिक नेता बनेका हुन् । आजका सामाजिक बुढा अगुवाहरुले पनि किशोर उमेरदेखि नै समाजको सेवा गर्दै आउँदै सामाजिक हस्तीका रुपमा स्थापित हुनु भएको हो ।

ज्येष्ठहरुको सम्मानका लागि र सामान्य भरणपोषणका लागि ज्येष्ठ नागरिक भत्ता, विधवा (एकल) नागरिक भत्ता, दलित भत्ता यस्तै यस्तै दिने नीति २०५१ सालमा मनमोहन अधिकारी नेतृत्वमा रहेको एमालेको सरकारका थिति बाँधेको हो । यो थिति राम्रो छ । लोकप्रिय पनि छ र आवश्यक पनि छ । तर आजकालका आन्दोलनमा नारा उठन थाले- बुढा हटाऊ । बुढा हटाऊ । राजनीतिक पद, प्रतिष्ठा युवालाई देऊ भन्छन् । युवालाई स्थान चाहिएको हो कि नव युवालाई ?

ठीक छ युवा वा नवयुवा अघि बढ ! अघि आऊ अघि आऊ ! अनुशासित बनेर आऊ अघि बढ । अघि बढ्नकै लागि राष्ट्रिय सम्पदा जलाउनु पर्दैन, हुँदैन । राजनीतिक पार्टी नेताहरुको घर जलाउनु हुँदैन । यसरी जलाउनेलाई त विध्वंसकारी, आतंककारी भन्दछन् । हामी के गर्दैछौं । आखिर यस्तो विद्रोहमा लाग्ने निर्दोष नानी बाबु त अवश्य होइन ? ती त लौहाठ, हुलडवाद, अराजनीतिक र देशविद्रोही तत्व होइन र ? अधिकांश ती तत्व त तन्नेरीहरु भएको टीभीले देखाएका थिए ।

हामीले नै २०४६ सालमा प्रजातन्त्र र ०६२/०६३ को आन्दोलनपछि लोकतान्त्रिक गणतन्त्र ल्याएका हौं । यसबिचमा पूर्वाधार निर्माण जस्ता विकास निर्माणका काम पनि प्रशस्तै भएका छन् । नेपालको स्वाधीनताको झण्डा उठाउने काम पनि भएका छन् । लिम्पियाधुरा, लिपुलेक, कालापानी, विशाल नेपालको नक्सामा समेटिएका छन् । यो कम साहसिक काम होइन । नेताहरुले छिमेकी देश भारतसँग लड्दैछन् । राष्ट्रिय स्वाधीनताको झण्डा उठाएका छन् ।

यसर्थमा सरकारको नेतृत्व गर्ने प्रधानमन्त्री, सिंगो संसद र सांसदहरुलाई स्वाबासी भन्नै पर्छ । गुमेको भूमिको नक्सा बन्दा वा बनाउँदा नेपाली युवाहरुले खुशी मनाउँदै स्वाधीनताकोकाव्य महाकाव्य, लेख, निबन्ध लेख्नुपर्ने हो । त्यसका लागि आफू मर्न मेट्न तयार भएको अभिव्यक्ति दिनुपर्ने हो । खोई त्यस्तो स्वाभिमानिताका आवाजहरु कहाँ गएँ ?

हाम्रा पुर्खाहरु भीमसेन थापा, भक्ति थापा, अमरसिंह थापा, कर्णेल उजिरसिंह थापाका हामी सन्तानहरुले देशका निम्ति केही न केही त गर्नुपर्ने हो । खोइ कहाँ गयो हाम्रो विरासतको इतिहास ।

ए युवा हो !  ए नवयुवा हो ! आफ्ना नेताप्रति भुक्की उठाउने कि बैरीप्रति ? पढ हाम्रा वीर पूर्खाको इतिहास ! बिसनै नहुने विरासतको इतिहासलाई । फेसबुकमा मात्र तल्लिन भए त ठेस मात्र भइन्छ । तिचिच्न, थिचिच्न, मिचिच्न पर्ने छ । असामयिक भए पनि फागुन २१ गते चुनाव हुँदैछ । चुनावमा प्रतिस्पर्धा गर ! स्वस्थ प्रतिस्पर्धा गर । तर चुनावपछि संविधान ऐन, कानूनलाई व्यवस्थित गर । विदेशीको भाउँतोमा लाएर वा अटनखटनमा संविधान, ऐन काम नबनाऊ । आवश्यकता अनुसार बनाऊ र सुधार गर ।

जय नेपाल !  जय नेपाल ! जय गणतन्त्र ! नेपाल अहिले त राजनीति भन्दा पद नीति हुँदैछ । त्यसैले पार्टीपिच्छे अमुक अमुक नेतालाई प्रधानमन्त्री बनाउने भनेर पार्टीहरुले घोषणा गर्दैछन् । हाम्रो संविधानले संसदमा बहुमत प्राप्त गर्ने दलको नेता (संसदीय दल) को नेतालाई प्रधानमन्त्री बनाउने प्रावधान छ । निर्वाचन नहुँदै, बहुमत आउँदै अमुक व्यक्तिलाई प्रधानमन्त्री बनाउने भनेर घोषणा गर्नु जनतालाई मूर्ख बनाउने तयारी हो । यस्तो नगर । गर्दै नगर । नेताहरुले संविधान र ऐनको अक्षर र भावनालाई पढ, मनन गर ! मनपरी नगर ।

# नेप्से परिसूचक १९ अङ्कले घट्यो



काठमाडौँ । यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक १९ दशमलव ८५ अङ्कले घटेर दुई हजार ६९४ दशमलव २० को बिन्दुमा कायम भएको हो ।

३२९ कम्पनीको दुई करोड २० लाख ६० हजार ४५४ कित्ता शेयर एक लाख १० हजार ७२८ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब १० करोड ९४ लाख ५७ हजार २७८ दशमलव ४५ को कारोबार भएको नेप्सेले जनाएको छ । व्यापार समूह शून्य दशमलव ५५ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ शून्य दशमलव ४२, विकास बैंक शून्य दशमलव ७५, वित्त शून्य दशमलव ४४, होटल तथा पर्यटन एक दशमलव ७५, जलविद्युत् एक दशमलव ३६ र लगानी समूह शून्य दशमलव ९६ प्रतिशतले घटेको छ । त्यस्तै, जीवन बिमा शून्य दशमलव ५२, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७६, लघुवित्त शून्य दशमलव ५७, म्यूचुअल फण्ड शून्य दशमलव ५०, निर्जीवन बिमा शून्य दशमलव ६३ र अन्य समूह शून्य दशमलव ९२ प्रतिशतले घटेको छ ।

मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी नौ दशमलव ७० प्रतिशतले बढेको छ भने कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको रु ५५ करोड ५२ लाख ४० हजार ७६१ बराबरको १७ लाख ४६ हजार ९२४ कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ ।

## जाडोमा गाजरका फाइदाहरू :

# स्वाद र स्वास्थ्यको संगम



जाडो मौसम सुरु भएसँगै बजारमा ताजा, गुलियो र रसिलो गाजर सजिलै पाइन्छ । गाजरलाई जाडोयामको सबैभन्दा पोषिलो तरकारीमध्ये एक मानिन्छ ।

यसमा भिटामिन 'ए', भिटामिन 'सी', फाइबर र एन्टिअक्सिडेन्टहरू प्रचुर मात्रामा पाइन्छन्, जसले चिसो मौसममा शरीरलाई स्वस्थ, ऊर्जावान् र रोगहरूबाट सुरक्षित राख्न मद्दत गर्छन् । काँचो गाजरदेखि जुस र हलवासम्म, यसका अनेकौँ परिकारले जाडोमा स्वाद र स्वास्थ्य दुवैको ख्याल राख्छन् ।

यहाँ हामी तपाईंलाई जाडोमा गाजरको प्रयोग गरेर कसरी आफूलाई स्वस्थ राख्न सकिन्छ भन्ने बारे जानकारी दिँदैछौँ ।

**१. रोग प्रतिरोधात्मक क्षमता बढाउन सहायक**

जाडोमा रुघाखोकी र भाइरल सङ्क्रमणको जोखिम बढ्छ । गाजरमा पाइने भिटामिन 'सी' र एन्टिअक्सिडेन्टले शरीरको रोग प्रतिरोधात्मक क्षमतालाई बलियो बनाउँछन्, जसले गर्दा विभिन्न रोगहरूबाट बच्न सकिन्छ ।

**२. आँखाको ज्योतिका लागि फाइदाजनक**

गाजरमा बिटा-क्यारोटिन भरपुर मात्रामा हुन्छ, जुन शरीरमा गएर भिटामिन 'ए' मा परिणत हुन्छ ।

यसले आँखाको ज्योति बढाउन र आँखालाई स्वस्थ राख्न मद्दत गर्छ, विशेषगरी जाडोमा जब आँखा सुक्खा हुने समस्या बढ्छ ।

**३. छालालाई बनाउँछ स्वस्थ र चम्किलो**

चिसो मौसममा छाला रुखो र बेजान हुन्छ । गाजरमा पाइने भिटामिन 'ए' र एन्टिअक्सिडेन्टले छालालाई पोषण दिएर स्वस्थ र प्राकृतिक चमक प्रदान गर्छन् ।

**४. पाचन प्रणालीलाई राख्छ चुस्त**

गाजर फाइबरले भरिपूर्ण हुन्छ, जसले पाचन क्रियालाई सुधार गर्छ र कब्जियतको समस्याबाट राहत दिलाउँछ । जाडोमा पाचन प्रक्रिया केही सुस्त हुने भएकाले गाजरको सेवन निकै लाभकारी हुन्छ ।

**५. मुटुको स्वास्थ्यका लागि लाभकारी**

गाजरमा पाइने एन्टअक्सिडेन्ट र पोटासियमले मुटुलाई स्वस्थ राख्न मद्दत गर्छन् । यसले खराब कोलेस्ट्रोललाई कम गर्न र रक्तचाप नियन्त्रणमा राख्न सहयोग पुर्‍याउँछ ।

**६. तौल नियन्त्रणमा सहयोगी**

जाडोमा तौल बढ्ने चिन्ता भएका मानिसहरूका लागि गाजर एउटा उत्तम विकल्प हो ।

यसमा क्यालोरी कम र फाइबर बढी हुन्छ, जसले गर्दा लामो समयसम्म पेट भरिएको महसुस हुन्छ र अनावश्यक खानपानबाट बचिन्छ ।

**७. शरीरलाई न्यानो राख्छ**

गाजरको प्रकृति तातो मानिन्छ, त्यसैले जाडोमा यसको सेवनले शरीरलाई भित्रैबाट न्यानो राख्छ र चिसोबाट बचाउन मद्दत गर्छ ।

# लुम्बिनी प्रादेशिक ललितकला प्रदर्शनी सुरु



बुटवल । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको आयोजना र नेपाल व्यावसायिक कलाकार सङ्घ, रुपन्देही तथा कालिका मानवज्ञान माध्यमिक विद्यालयको सह-आयोजनामा विद्यालय परिसरमा 'लुम्बिनी प्रादेशिक ललितकला प्रदर्शनी' सुरु भएको छ ।

प्रदर्शनीको प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली र बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले संयुक्त रूपमा उद्घाटन गरेका हुन् ।

प्रतिष्ठानका कुलपति हार्तम्छालीले राष्ट्र र समाजको भौतिक विकाससँगै संस्कृति, शान्ति स्थापना र सामाजिक विकासका लागि ललितकलाको विशेष महत्त्व रहेको बताए। उनले नेपालमा कलाको मर्मलाई जराबाटै उठाउनुपर्ने आवश्यकता औँल्याउँदै स्थानीय जनजीवनलाई बोध गराउने उद्देश्यले प्रादेशिक ललितकला प्रदर्शनी गरिएको जानकारी दिए ।

बुटवल उपमहानगरका प्रमुख पाण्डेयले बुटवललाई मुख्य व्यापारिक केन्द्र र सम्भावना भएको ऐतिहासिक क्षेत्रका रूपमा विकास गर्नुपर्नेमा जोड दिँदै कलाका माध्यमबाट कलाकारले ती विषयवस्तुलाई प्रस्तुत गर्नुपर्ने बताए। उनले यस्ता गतिविधि सञ्चालनका लागि पालिकाले आवश्यक सहयोग र समन्वय गर्ने प्रतिबद्धता जनाए ।

प्रतिष्ठानका मूर्तिकला विभाग प्रमुख एवं लुम्बिनी प्रदेश समन्वय समिति संयोजक दिनेश्वर महतोले प्रदेश तथा स्थानीय तहले आफ्नो क्षेत्रको ललितकलाको विकास तथा प्रवर्द्धनमा अग्रणी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । उनले प्रदर्शनीमा लुम्बिनी प्रदेशका कला, संस्कृति, पर्यटन प्रवर्द्धनसँगै जनजीवनका विविध पाटो समेटिएका कलाकृति रहेका जानकारी दिए ।

यसैगरी कार्यक्रममा प्रतिष्ठानका समसामयिक चित्रकला विभाग प्रमुख सञ्जय वान्तवा, प्राज्ञसभा सदस्य जुपिटर प्रधान, कालिका मानवज्ञान माध्यमिक विद्यालयका सहायक प्राचार्य पीताम्बर बञ्जाडे, कलाकार एचवी रम्तेललगायत वक्ताले आ-आफ्नो धारणा राखेका थिए ।

कार्यक्रममा स्वागत मन्तव्य नेपाल व्यावसायिक कलाकार सङ्घ रुपन्देहीका अध्यक्ष दिलीप रसाली र सञ्चालन जङ्ग पहाडीले गरेका थिए । प्रदर्शनीमा समसामयिक चित्रकला/मूर्तिकला, शिल्प तथा हस्तकला, वास्तुकला तथा लोककला, बहुआयामिक तथा अन्य सिर्जनात्मक कलासम्बन्धी ११५ कलाकारका १५० भन्दाबढी कलाकृति समावेश छन् । नेपाल पर्यटन बोर्ड प्रवर्द्धक रहेको कला प्रदर्शनी यही माघ २१ गतेसम्म सञ्चालन हुनेछ ।

# रूपन्देही उद्योग संघले बनायो २ वर्षे कार्ययोजना




बुटवल । रूपन्देही उद्योग संघले आगामी दुई वर्षको कार्ययोजना तयार गरेको छ । स्वदेशी वस्तु उत्पादन गर्ने र यसको प्रवर्द्धन गर्ने उद्योगहरुको छाता संस्थाको रुपमा पहिचान बोकेको जिल्लाकै अग्रणी संस्थामा नयाँ नेतृत्व आएसँगै आफ्नो कार्यकालमा अघि सारिने तत्कालीन र दीर्घकालीन योजना बनाउने र यसमै आधारित रहेर काम गर्नका लागि कार्ययोजना बनाइएको संघले जनाएको छ ।

उद्योग वाणिज्य मन्त्रालयमा लामो समय रहेका विज्ञ एवं नेपाल सरकारका पूर्व सचिव डा.तोया नारायण ज्ञवालीको सहजीकरणमा संघले नयाँ नेतृत्वमा आएको समिति, सल्लाहकारहरु, पूर्वअध्यक्ष तथा यसको कार्यान्वयन गर्ने कर्मचारीहरुकाबिचमा तीन दिने कार्ययोजना कार्यशाला राखेर यसलाई अन्तिम रुप दिइएको संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले जानकारी दिए ।

गण्डकी प्रदेशको पोखरामा माघ १५ गतेदेखि १७ गतेसम्म सञ्चालन भएको यो कार्ययोजनामा संघमा नयाँ अधिवेशनबाट निर्वाचित नेतृत्वले आगामी २ वर्षमा गरिने योजनालाई संस्थागत गरेर आएको उनले बताए ।

कार्ययोजनाको जिम्मेवारी लिएका पूर्वसचिव डा. तोया नारायण ज्ञवालीले यसरी बनेको कार्ययोजनाकै आधारमा काम गर्नसके संघले निर्धारित समयमै आफ्नो लक्ष्य पूरा गर्ने बताए ।

लुम्बिनी प्रदेशको प्रमुख सचिव तथा संघीय सरकारको वाणिज्य मन्त्रालयको सचिव रहेका ज्ञवालीले रुपन्देही क्षेत्रका उद्योगी व्यवसायी आफैं पनि दीर्घकालीन योजना बनाएर अघि बढेर सफल भएकाले यो संस्थागत योजनालाई पनि कार्यान्वयनका लागि सहज हुने बताउँदै आफूले अपेक्षा गरेभन्दा धेरै सकृय सहभागिता भएकोमा खुसी व्यक्त गरे ।

ज्ञवालीले हरेक संघसंस्थामा बनाइने कार्ययोजनाले भविश्यलाई अहिलेबाट सोचेर योजनामा समेटिने, जिम्मेवारी बहन गरेर लक्ष्य प्राप्त गर्न महत्वपूर्ण हुने र कार्ययोजना बाटै हरेक संघ संस्थाले निश्चित उद्देश्यबाट काम पूरा गर्नसक्ने बताए ।

रुपन्देही जिल्ला उद्योगसँगै आर्थिक, पर्यटन, शैक्षिक र व्यापारिक पूर्वाधारमा आधारित जिल्ला भएकोले त्यसैमा आधारित रहेर कार्ययोजना बनाउनुपर्नेमा समेत उनले जोड दिए। लामो समय संघ, प्रदेश र पालिकामा बसेर काम गर्दा समेत यस्तो क्रियाशिलता बाहिर नपाएको जनाउँदै उनले रूपन्देहीको क्षमताको प्रशंसा गर्दै कार्यान्वयनमा जोड दिन विशेष आग्रह गरे ।

संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीको अध्यक्षता तथा महासचिव सुमन बस्यालको सञ्चालनमा भएको कार्यक्रमको शुभारम्भमा पूर्व अध्यक्ष तथा सल्लाहकार समिति संयोजक माधवप्रसाद पौडेल, सल्लाहकार ऋषि भण्डारीले संस्थागत सुशासन र पारदर्शीतासँगै लक्ष्य पूरा गर्नका लागि पनि कार्ययोजना महत्वपूर्ण रहने र संघसंस्थाको काम टीमवर्कमा हुने भएकाले सिंगो कार्यसमिति, सल्लाहकार र कर्मचारीलाई राखेर विज्ञहरुको सुझावका आधारमा बनाइने कार्ययोजना फलदायी हुने बताएका थिए ।

समापन कार्यक्रममा संघका निवर्तमान अध्यक्ष दिलिप सापकोटाले कार्ययोजनालाई नै आधार मानेर काम गर्नुपर्ने र यसमा संघले तत्काल गर्न सकिने विषय भएकाले यसको कार्यान्वयनमा सिंगो टीम लाग्नुपर्ने जनाए ।

संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले नयाँ नेतृत्व आएसँगै दुई वर्षे कार्ययोजना बनाएर त्यसैलाई आधार मानेर काम गर्नका लागि अग्रजहरुले बनाएका योजनाअनुसार कार्ययोजना बनाइएको बताए । कार्यक्रम संयोजक रहेका वरिष्ठ उपाध्यक्ष जीवकान्त काफ्लेले उत्पादनमूलक उद्योगीहरूको छाता संगठन र विभिन्न वस्तुगत समितिमा करिब २ हजार उद्योगीहरु आबद्व भएकाले पनि यहाँबाट बन्ने कार्ययोजना अन्य व्यवसायिक प्रतिष्ठानहरुलाई पनि सहज बन्ने बताउँदै यसलाई पूर्णरुपमा कार्यान्वयन गर्ने जनाए ।

संघका प्रमुख कार्यकारी अधिकृत यादव भण्डारीले अधिवेशनबाट नयाँ नेतृत्व आएसँगै यसैगरी कार्ययोजना बनाएर अघि बढ्ने र यसमा पहिलो वर्ष र दोस्रो वर्षमा पूरा गरिने सबै कार्यक्रम, योजना र बजेटका स्रोतहरुको समेत पूर्ण आधारहरुलाई समेटिने भएकाले कार्य सम्पादनमा सहज हुने जानकारी दिए ।

# वित्तीय समावेशीकरण सूचकाङ्कमा सुधार




बुटवल । नेपालमा वित्तीय सेवामा पहुँच, प्रयोग र गुणस्तरमा उल्लेखनीय सुधार देखिएको छ । नेपाल राष्ट्र बैङ्कले आइतबार सार्वजनिक गरेको वित्तीय समावेशीकरण सूचकाङ्कअनुसार आर्थिक वर्ष २०२४/२५ मा समग्र वित्तीय समावेशीकरण सूचकाङ्क ०.४७ बाट बढेर ०.५३ पुगेको छ।

नेपाल राष्ट्र बैङ्कको वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाद्वारा प्रकाशित प्रतिवेदनले यो सूचकाङ्कमा उल्लेख्य सुधार भएको देखाएको हो । "वित्तीय सेवामा पहुँच विस्तार, डिजिटल माध्यमको प्रयोग तथा सेवा गुणस्तरमा सुधारका कारण वित्तीय समावेशीकरण सूचकाङ्कमा स्थिर र व्यापक प्रगति भएको छ ।"-राष्ट्र बैङ्कले भनेको छ।

रिपोर्टअनुसार मानव विकास सूचकाङ्क जस्तै विधिबाट गणना गरिएको उक्त सूचकाङ्क ० देखि १ को मापनमा आधारित छ, जहाँ उच्च अङ्कले उच्च वित्तीय समावेशीकरण जनाउँछ । त्यस्तै सूचकाङ्कका तीन आयामका रुपमा पहुँच, प्रयोग र गुणस्तरअन्तर्गत विभिन्न ५५ सूचकका आधारमा तयार गरिएको हो ।

प्रतिवेदनमा पहुँच सूचकाङ्क ०.५३ पुगेको उल्लेख छ, जसले देशभर वित्तीय संस्था, सेवा केन्द्र तथा डिजिटल वित्तीय सेवा माध्यमको विस्तार भएको देखाउँछ । त्यस्तै प्रयोग सूचकाङ्क ०.५४ रहेको छ । यसले बैङ्किङ, डिजिटल भुक्तानी, बिमा तथा अन्य वित्तीय सेवामा व्यक्ति र घरपरिवारको संलग्नता बढेको सङ्केत गर्छ। त्यसैगरी, गुणस्तर सूचकाङ्क ०.५० मा पुगेको छ ।

"वित्तीय साक्षरतामा वृद्धि, उपभोक्ता संरक्षण संयन्त्रको सुदृढीकरण, पारदर्शिताको अभिवृद्धि तथा ग्राहक अनुभवमा सुधारका कारण गुणस्तर सूचकाङ्कमा उल्लेखनीय प्रगति भएको हो ।"-केन्द्रीय बैङ्कको रिपोर्टमा भनिएको छ ।

नेपाल राष्ट्र बैङ्कले नीतिगत पहल, डिजिटल वित्तीय नवप्रवर्तन तथा नियामक सुधारले सकारात्मक प्रभाव परेको उल्लेख गर्दै आगामी दिनमा डिजिटल पूर्वाधार सुदृढीकरण, वित्तीय साक्षरताको प्रवर्द्धन तथा उपभोक्ता केन्द्रित वित्तीय सेवामा निरन्तर जोड दिन आवश्यक रहेको जनाएको छ ।

# बाँकेमा निर्वाचन आचारसंहिता पालनामा कडाइ




नेपालगञ्ज । निर्वाचन आचारसंहिता पालना गर्न बाँकेमा कडाइका साथ निगरानी सुरु गरिएको छ ।

निर्वाचन आयोगले गठन गरेको निर्वाचन आचारसंहिता अनुगमन समितिले बाँकेको निर्वाचन क्षेत्र नं २ र ३ मा मौखिक उजुरी आएको जानकारी दिएको छ ।

बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी तथा अनुगमन समितिका अधिकृत पूर्णबहादुर खत्रीले विद्यालयमा कार्यक्रम गरेको, पालिका वडाध्यक्षले पालिकामा प्रचारप्रसार गरेको र पालिकाको डोजर तथा टिपर प्रयोग गरेर सडक ग्राभेल गरेकोलगायत उजुरी आएको बताए । उनले आचारसंहिताविपरीत सबै काम बन्द गरिएको उल्लेख गर्दै सम्बन्धितलाई सचेत बनाइएको जानकारी दिए ।

"हामीले स्थलगत अनुगमन पनि गर्छौं, तर अहिले सूचना र जानकारी आएका आधारमा हामीले काम गरिरहेका छौँ ।"-निर्वाचन आचारसंहिता अनुगमन समितिका अधिकृत खत्रीले भने । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यले निर्वाचन आचारसंहिता पालना गर्न अनुगमन समितिले जिल्लामा आग्रह गरेको छ ।

निर्वाचन आयोगले बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी खत्री र कोष तथा लेखा नियन्त्रण कार्यालय प्रमुख सर्वोदय उपाध्यायलाई अनुगमन अधिकृतका रुपमा तोकेको छ । अनुगमन समितिका अनुसार निर्वाचन प्रचारप्रसारको काम आगामी फागुन ४ देखि १८ गतेसम्म मात्रै गर्न पाउने कानुनी प्रावधान रहेको छ। निर्वाचन आयोगद्वारा जारी भएको निर्वाचन आचारसंहिता माघ ४ गतेदेखि नै लागू भएको छ ।

# एक महिनामा ९२ हजार पर्यटक नेपाल भित्रिए




बुटवल । सन् २०२६ को पहिलो महिना जनवरीमा ९२ हजार ५७३ पर्यटक नेपाल भित्रिएका छन् ।

नेपाल पर्यटन बोर्डले दिएको जानकारी अनुसार गत वर्षको जनवरीको तुलनामा १५.७ प्रतिशत बढी पर्यटक नेपाल भित्रिएका हुन् ।

जनवरीमा नेपाल आउने पर्यटकमध्ये सबैभन्दा बढी भारतीय रहेका छन् । जनवरीमा भारतबाट २६ हजार ६२४ पर्यटक नेपाल आएका थिए ।

यस्तै, चीनबाट नौ हजार १०१, संयुक्त राज्य अमेरिकाबाट आठ हजार ४०६, बङ्गलादेशबाट पाँच हजार ८१४ तथा अस्ट्रेलियाबाट चार हजार ९५७ पर्यटक नेपाल भित्रिएका थिए । दक्षिण एसियाली मुलुक (सार्क) बाट ३९.३ प्रतिशत पर्यटक नेपाल आएका थिए ।

अन्य एसियाली देशबाट २६.१ प्रतिशत, युरोपबाट १२.३ प्रतिशत, अमेरिकाबाट १०.८ प्रतिशत र ओसियानियाबाट ५.७ प्रतिशत पर्यटक नेपाल आएका थिए । मध्यपूर्वबाट एक प्रतिशत र अफ्रिकाबाट ०.४ प्रतिशत पर्यटक नेपाल आएका थिए ।

**बालेनको...**

त्यसपछि जाडो लागेको भन्दै उनी गाडीमा रहेको आफ्नो टोपी निकाल्नका लागि गए । उनको ब्याग गाडीको पछाडि सीटमा थियो । ढोका खोलेर उनले टाउको भित्र छिराएर ब्याग ताने । ब्याग खोतल्दाखोतल्दै उनी एक्कासी ढलेको प्रत्यक्षदर्शी बताउँछन् ।

ढल्नासाथ सिटौला अचेत बने । आँखा पल्टाउन थाले । एकैछिनमा नाक बन्द भयो । सबैजना आत्तिए । स्वास फेर्न गाह्रो भएको देखिएपछि गाडीका ड्राइभरले छातीमा हातले थिचेर सिपीआर दिने प्रयास गरे । तर, अवस्था गम्भीर भइसकेको थियो । तत्कालै स्कार्पियोमा हालेर अछाम जिल्ला अस्पताल लगियो, जुन त्यहाँबाट ३ किलोमिटर दूरीमा थियो । पाँडेसहित थप दुईजना गाडीमा अस्पताल गए ।

अस्पताल पुर्‍याउँदा सिटौलाको मुटुको चाल बन्द भएको थियो । चिकित्सकहरूले ४५ मिनेटसम्म 'सिपीआर' दिएपछि मुटुको चाल फर्कियो । त्यतिबेलासम्म बालेन पनि आइसकेका थिए । अस्पतालमा एमआरआइलगायतका सुविधा नभएकाले चिकित्सकहरूले तत्काल काठमाडौं लैजान सुझाव दिए । बालेनको टीमले सबैतिर फोन गरेर हेलिकोप्टर मगाए ।

अस्पतालबाट एम्बुलेन्समा राखेर करिब ३ किलोमिटर दूरीमा रहेको आर्मी ब्यारेक पुर्‍याइयो । आर्मी ब्यारेकबाट सेनाको हेलिकोप्टरमा सुर्खेत पुर्‍याइयो । सुर्खेतबाट सेनाकै एयर ट्रकमा काठमाडौं ल्याइयो । त्रिभुवन विमानस्थलबाट महानगरको एम्बुलेन्समा राखेर पहिल्यै तय भएअनुसार ग्राण्डी अस्पताल लगियो । ग्राण्डी अस्पताल पुर्‍याइँदा करिब १ बजेको थियो ।

ग्राण्डीका चिकित्सकका अनुसार सिटौलालाई अस्पताल ल्याइँदा मुटुको चाल थियो भने शरीरले अरू कुनै पनि प्रतिक्रिया जनाइरहेको थिएन । उनलाई तत्कालै भेन्टिलेटरमा राखियो । त्यसयता उनको अवस्थामा कुनै पनि सुधार आउन सकेन ।

सिटौलालाई लागेको रोगलाई चिकित्सकीय भाषामा 'एन्यूरिज्म रप्चर' भनिन्छ, जुन ब्रेन ह्यामरेजकै एउटा रूप हो । दिमागको नली (धमनी) को पर्खाल कमजोर भएर फुलेको भाग अचानक फुट्छ । फुटेपछि रगत दिमागभित्र वा दिमागलाई घेरेको ठाउँमा बग्छ ।

दिमागभित्र वा वरिपरि कुनै कारणले रगत बग्नुलाई ब्रेन ह्यामरेज भन्ने गरिन्छ । एन्युरिजम (दिमागको नशा) फुटेर हुने ब्रेन ह्यामरेज भनेको एन्युरिज्म रप्चर हो ।

चलचित्र पत्रकारहरूको जमातमा मात्र नभएर आम चलचित्रकर्मीमाझ पनि सिटौला एकदमै लोकप्रिय थिए । सबैसँग सहयोगी र सहृदयी व्यवहार उनका विशेषता हुन् । कुनै पनि चलचित्रको प्रमोसनका लागि निर्माता-निर्देशकले खोज्ने पहिलो नाम नै दिनेश सिटौला थिए ।

नुवाकोट, दुप्चेश्वरका स्थायी बासिन्दा सिटौला विगत २० वर्षदेखि टेलिभिजन कार्यक्रम सञ्चालन गर्दै चलचित्र तथा मनोरञ्जन विधाको सञ्चारकर्ममा तल्लीन थिए । उनी चलचित्र पत्रकार संघको आठौं महाधिवेशनबाट अध्यक्ष निर्वाचित भएका थिए । पत्रकारितासँगै उनी चलचित्रकर्ममा पनि संलग्न थिए ।

सिटौलाको लाइफस्टाइल स्वस्थकर थियो । उनी कुनै पनि खाले कुलतमा थिएनन् । रक्सी-चुरोट कहिल्यै छुँदैनथे । खानपिनमा एकदमै सतर्क रहन्थे । माछामासु पनि कमै खान्थे । नियमित व्यायाम गर्थे । कफी भने उनी धेरै पिउने गर्थे । बेलाबखत टाउको दुखेको सिकायत गरिरहन्थे ।

सिटौला मध्यमवर्गीय परिवारमा जन्मेका हुन् । ४३ वर्षको उमेरसम्म उनी अविवाहित रहे । उनको परिवारमा बुवा, एक दाइ, एक भाइ र एक दिदी छन् । आमाको केही समयअघि निधन भएको थियो । विदेशमा रहेका दाइ उनी बिरामी भएको खबर पाएर नेपाल फर्किएका छन् ।

**रुपन्देहीको...**

विकासका सूचकका आधारमा आगामी दिनमा रूपन्देही-२ नै सबैभन्दा ठूलो फड्को मारेको क्षेत्र ठहर हुने उनको दाबी छ ।

प्रक्रियामा रहेका विकास योजनाहरू समयमै सम्पन्न गर्ने र आवश्यकताअनुसार नयाँ योजनाहरू सुरु गरिने पौडेलले जानकारी दिए । "वडास्तरमै सडक, खानेपानी, ढल, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत विकासका काम पूरा गर्ने गरी अगाडि बढ्छौं ।"- उनले भने । एमालेले काम गरेर देखाउने पार्टी भएको उल्लेख गर्दै उनले भने-"हाम्रो पार्टीको विरोध गर्नेहरूले पनि यहाँ विकास भएन भनेर भन्न सक्दैनन् ।"

कार्यक्रममा उनले तिनाउ नदी नियन्त्रण गरी बस्ती सुरक्षित गर्नुपर्ने स्थानीयको माग पूरा गरिने प्रतिबद्धता पनि उनले जनाए । साथै सहुलियतपूर्ण ऋण लगानीमा करिब साढे दुई अर्ब रुपैयाँ लागतमा सिग्नेचर पुल निर्माणको काम अघि बढेको जानकारी दिए । "अन्तर्राष्ट्रियस्तरका कन्सल्टेन्टहरूले पुलको डिजाइन गरिरहेका छन्, डिजाइन सकिएपछि टेन्डर प्रक्रिया अघि बढ्छ," उनले भने-"यसका लागि बजेटको कुनै अभाव छैन, स्रोत सुनिश्चित भइसकेको छ ।"

पौडेलका अनुसार निर्माण हुने सिग्नेचर पुलमा पाँच मिटर (१६ फिट) चौडा फुटपाथ, आकर्षक लाइटिङ प्रणाली रहनेछ । "यो पुल केवल आवतजावतको साधन होइन, हरेक साँझ र राति ८-१० हजार मानिसले अवलोकन गर्ने शहरको पहिचान बन्नेछ ।"- उनले भने ।

कार्यक्रममा स्थानीय नेता, कार्यकर्ता तथा सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो । कार्यालय उद्घाटनसँगै रूपन्देही-२ मा एमालेको चुनावी गतिविधि थप तीव्र हुने देखिएको छ ।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी



**रमणीय रत्नेचौर:**
म्याग्दीको बेनी नगरपालिका -१, रत्नेचौरको फाँटमा पहेँलपुर तोरीबाली र गहुँबालीको हरियाली । पछिल्लो समय यहाँको तोरी तथा गहुँबालीमा तस्विर र भिडियो खिच्न आउने आन्तरिक पर्यटकको संख्या बढेको छ। तस्विर : दलप्रसाद विश्वकर्मा / रासस

# प्रदेशस्तरीय पुरुष एक दिवसीय क्रिकेट हुँदै



भैरहवा । सोमबारदेखि प्रधानमन्त्री कप लुम्बिनी प्रदेशस्तरीय पुरूष एक दिवसीय क्रिकेट छनोट प्रतियोतिता हुने भएको छ। लुम्बिनी प्रदेश क्रिकेट संघको आयोजनामा पहिलो पटक टाइटल स्पोन्सर राखेर छनोट प्रतियोगिता हुन लागेको हो। भैरहवाको सिद्धार्थ क्रिकेट मैदान र तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा प्रतियोगिता हुनेछ।

आयोजकले आइतबार भैरहवामा पत्रकार सम्मेलन गरी प्रतियोगिताबारे जानकारी दिएका हुन् । माघ २४ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा लुम्बिनी प्रदेशका ७ वटा जिल्लाका टिम सहभागी हुने खेल संयोजक एवं संघका प्रदेश सदस्य प्रथम पराजुलीले जानकारी दिए । उनका अनुसार रूपन्देही, पश्चिम नवलपरासी, पाल्पा, कपिलवस्तु, दाङ, बाँके र बर्दियाका टिम प्रतयोगितामा सहभागी हुनेछन् ।

संघका अध्यक्ष विनय राजभण्डारीले नेपाल क्रिकेट संघको सहयोगमा हुने प्रतियोगितामा पहिलोपटक प्रायोजकहरूको साथ लिएर छनोट खेललाई थप व्यवस्थित बनाइएको जनाए । उनले कतिपय जिल्लाहरूलाई अझैं समेट्न नसकिएको जनाउँदै क्यानबाट मान्यता दिलाउन पहल भइरहेको बताए। नेपाल क्रिकेट संघका पूर्वकार्यबाहक सचिव प्रशान्तविक्रम मल्लले विगतमा लुम्बिनी प्रदेश मुलुककै क्रिकेटमा अब्बल सावित रहे पनि पछिल्लो समय विभिन्न उपाधि जित्नबाट चुकिरहेको जनाए।

उनले यसपटक राम्रो मैदानमा छनोट खेल हुन लागेको, प्रशिक्षण र सुविधा समेत राम्रो रहेकाले प्रधानमन्त्री कप जित्ने विश्वास व्यक्त गरे । मल्लले पछिल्लो समय प्रदेश क्रिकेट संघ समेत व्यवस्थित हुँदै गएकोमा खुशी व्यक्त गरे ।

रूपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापाले हरेक दिन संघका कार्यक्रमहरू र प्रतियोगितालाई व्यवस्थित गरिएको जनाए। उनले यसपटक प्रदेशस्तरीय छनोट खेल अघि रूपन्देहीको टिम तयार गर्न पनि छनोट प्रतियोगिता मार्फत् खेलाडी छनोट गरिएको जनाए। यसले राम्रा खेलाडीहरूले अवसर पाइराखेको र विवादरहित बनाएको थापाले दाबी गरे ।

टाइटल स्पोन्सर एक्स्ट्रिम इनर्जी ड्रिंक उत्पादक कम्पनी एग्रो थाई फूड्सका प्रबन्धक रामबहादुर क्षेत्रीले हरेक खेलकुदलाई उकास्न कम्पनीले सहयोग गरिरहेको जनाए । उनले यसपटक पनि प्रधानमन्त्री कप लुम्बिनी प्रदेशमै आयोजना गर्न पहल गर्नुपर्नेमा जोड दिए ।

छनोट खेलको विजेता र उपविजेता टिमले ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्लेयर अफ द म्याचले ११ हजार १ सय ११ र प्रत्येक दिनको म्यान अफ द म्याचले १ हजार १ सय रुपैयाँ प्राप्त गर्ने छन् । प्रतियोगिता सम्पन्न गर्न करिब १२ लाख रुपैयाँ खर्च लाग्ने आयोजकको अनुमान छ ।

यसपटक प्रतियोगितालाई एक्स्पर्ट एजुकेसन एण्ड भिजा सर्भिस, बुटवल, ग्रुप ४ प्रोडक्ट प्रालि, काठमाडौं र ग्रुप ४ सेक्युरिटी सर्भिस प्रालि, काठमाडौंले प्रयोजन गरेका छन् । पत्रकार सम्मेलनमा जर्सी र ट्रफी समेत सार्वजनिक गरिएको थियो। यस वर्षको प्रधानमन्त्री कप चैत्रमा आयोजना गर्ने गरी क्यानले तयारी गरिरहेको छ।

# रूपन्देही ३ मा एमालेको निर्वाचन कार्यालय स्थापना



भैरहवा । नेपाल कम्युनिस्ट पार्टी एमालेले प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै रूपन्देही निर्वाचन क्षेत्र नम्बर ३ मा निर्वाचन परिचालन तथा प्रचारप्रसार कार्यालय स्थापना गरेको छ।

आगामी निर्वाचनमा पार्टीको प्रशासनिक र प्रचार प्रसारको काम गर्नका लागि कार्यालय स्थापना गरिएको हो। क्षेत्रीय कमिटीको बैठकले फर्सटिकर र भैरहवामा कार्यालय स्थापना गर्ने निर्णय बमोजिक कार्यालय स्थापना भएको हो।

कार्यालय उद्घाटन कार्यक्रममा बोल्दै नेकपा एमालेकातर्फबाट क्षेत्र नम्बर ३ का उम्मेदवार बासुदेव घिमिरेले यस क्षेत्रका मतदाताले एमालेलाई विश्वास गर्ने संकेत स्पष्ट देखिइसकेको दाबी गरेका छन् ।

उनले आफूहरू निर्वाचन जित्नेमा ढुक्क रहेको बताए। घिमिरेले मुलुक र नेपाली जनताले चाहेको मुख्य अपेक्षा सुशासन, भ्रष्टाचारको पूर्ण नियन्त्रण र जनताले तिरेको करबाट उठेको राजस्वको सही सदुपयोग रहेको उल्लेख गरे । यस्ता विषयलाई केन्द्रमा राख्दै जनताका सबै चाहना पूरा गर्ने प्रतिबद्धता पनि व्यक्त गरे।

बिगतमा तिलोत्तमा नगरपालिकामा स्थानीय तहको नेतृत्व गरेको अनुभव, संघीय सांसदको रूपमा तीन वर्ष निर्वाह गरेको भूमिकाले आफूलाई सक्षम बनाएको उनको भनाइ छ । विभिन्न संघसंस्था, संगठन, राजनीतिज्ञ, किसान तथा निजी क्षेत्रका समस्या र पीडा नजिकबाट बुझेकोले ती अनुभवलाई आत्मसात गर्दै क्षेत्रका समस्या समाधान गर्न सक्ने क्षमता रहेको उनले बताए।

घिमिरेले तिलोत्तमा नगरपालिकामा एक कार्यकाल स्थानीय सरकार सञ्चालन गरी परिवर्तन ल्याई देशकै उत्कृष्ट नगरपालिकाको रूपमा चिनाउन सफल भएको र संघीय सांसदको हैसियतमा नीतिगत, विकास र जनताको आवाज मुखरित गर्ने काम गरेको स्मरण गराए।

अब सोही अनुभवलाई उपयोग गर्दै क्षेत्र नम्बर ३ को समग्र परिवर्तनका लागि लाग्ने प्रतिबद्धता जनाए।

उनले अपुरा काम पूरा गर्ने, बाँकी विकासका कार्यको नेतृत्व गर्ने र आम नागरिकका समस्या समाधानमा केन्द्रित रहने उनले बताए।

घिमिरेले कृषि, पर्यटन, उद्योग व्यवसाय, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा पाँच वर्षभित्र गर्न सकिने योजनामात्र घोषणापत्रमा समावेश गरिने बताए।

यस क्षेत्रसँग जोडिएका महत्वपूर्ण योजनामा ठूलो रकम खर्च भए पनि पूर्णरूपमा सञ्चालन हुन नसकेको उल्लेख गर्दै ती योजनालाई पहिलो प्राथमिकतामा राखी छोटो समयमा सुचारू गर्ने जिम्मेवारी लिने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा प्रमुख अतिथि तथा क्षेत्र नम्बर ३ की इञ्चार्ज गुमादेवी आचार्यले एमालेले गरेको विकास कार्य सबैले नजिकबाट देखेको बताइन्। देशलाई समग्र रूपमा मिलाएर अगाडि बढाउन सक्ने पार्टी एमाले भएको दाबी गर्दै बहुमतको सरकार बन्ने सम्भावनालाई खण्डन गर्नेहरूलाई व्यवहारबाटै जवाफ दिइने बताइन्। उनले एमाले हरेक हिसाबले अझ सशक्त र मजबुत बनेको दाबी गरिन्।

# युएईले दियो २६७ जना नेपालीलाई आममाफी

बुटवल । नेपाल सरकारले संयुक्त अरब इमिरेट्स (यूएई) सरकारको ५४औँ राष्ट्रिय दिवस (ईद अल एतिहाद) का वसरमा २६७ जना नेपाली बन्दीलाई उदारतापूर्वक प्रदान गरिएको आममाफीप्रति युएई सरकारप्रति कृतज्ञता व्यक्त गरेको छ।

नेपाल सरकारले यस आममाफीलाई नेपाल र संयुक्त अरब इमिरेट्सबीच विद्यमान द्विपक्षीय सम्बन्धमा रहेको मैत्री, सद्भावना तथा सौहार्दताको प्रतीकका रूपमा लिँदै यूएई सरकारको यस मित्रवत् र मानवीय कदमको आज एक विज्ञप्ति निकालेर सराहना गरेको छ।

उक्त आममाफीको निर्णय परराष्ट्र मन्त्रालयको निर्देशनअनुसार आबुधाबीस्थित नेपाली दूतावासले पटकपटकको अनुरोधको प्रत्युत्तरस्वरूप मित्रराष्ट्र युएई सरकारले गरेको आममाफीको निर्णय गरेको विज्ञप्तिमा जनाइएको छ।

माफी पाएका नेपाली नागरिकविरुद्ध अन्य कुनै बाँकी कानुनी मुद्दा वा प्रतिबन्ध नरहेको अवस्थामा युएईको प्रचलित कानुनअनुसार आवश्यक कानुनी प्रक्रिया पूरा गरेपछि स्वदेश फर्कन सक्नेछन्।

# दाङमै क्यान्सरको उपचार हुने

देउखुरी। यहाँस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा क्यान्सरको उपचार हुने भएको छ। आइतबार आयोजित एक कार्यक्रममा प्रतिष्ठान र बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालबिच सम्झौतापत्रमा हस्ताक्षर भएको हो।

प्रतिष्ठानका निमित्त उपकुलपति प्रा. श्याम लम्साल र बीपी क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. शिवजी पौडेलबिच क्यान्सर उपचारको सेवा विस्तार गरी आवश्यक जनशक्ति आदानप्रदान गर्ने विषयमा सम्झौता भएको प्रतिष्ठान प्रशासनले जनाएको छ।

प्रतिष्ठानका निमित्त डीन प्राडा रमेश कँडेल र क्यान्सर अस्पतालका सहनिर्देशक डा. उमेश नेपालको रोहबरमा उक्त सम्झौता भएको हो। यहाँ क्यान्सरसम्बन्धी उपचारको व्यवस्था नहुँदा यसअघि साविक राप्ती अञ्चलसहित पश्चिम नेपालका नागरिकमा चितवन, काठमाडौँलगायत सहरमा महँगो शुल्क तिरेर उपचार गराउन जानुपर्ने बाध्यता थियो।

उक्त सम्झौता कार्यान्वयनमा आएपछि साविक राप्ती अञ्चल तथा पश्चिम नेपालका नागरिक लाभान्वित हुनुका साथै यस क्षेत्रमा सेवा विस्तारका लागि थप सहयोग पुग्ने प्रतिष्ठानका निमित्त उपकुलपति प्रा. लम्सालले विश्वास व्यक्त गरे। क्यान्सर पीडितले स्थानीय क्षेत्रमा उपचार सेवा पाउने भएपछि समय र खर्चको बचत हुने उनले बताए।

# बुवाको सम्झनामा आइजीपी कार्कीद्वारा पाँच लाखको अध्यक्षकोष



गुल्मी । नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले आफूले बाल्यकालमा अध्ययन गरेको विद्यालयमा अक्षयकोष स्थापना गरेका छन्।

मालिका गाउँपालिका वडा नम्बर-७ घमिरमा रहेको देवीस्थान माध्यमिक विद्यालयमा आफ्नो स्वर्गीय बुवा कृष्णबहादुर कार्कीको नाममा रु.५ लाखको अध्यक्षकोष कार्कीले स्थापना गरेका हुन्।

यो अक्षयकोषबाट प्राप्त ब्याजबाट वार्षिकरुपमा स्कुलमा अध्ययनरत दुईजना गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने स्कुलका व्यवस्थापन समितिका अध्यक्ष गोरखबहादुर अर्याल बताए।

विद्यालयको ५४औं वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसरमा महानिरीक्षक कार्कीले अक्षयकोष स्थापना तथा विद्यालयलाई सूचना प्रविधिसँग जोड्नका लागि डिजिटल स्मार्ट बोर्ड आफ्नी धर्मपत्नी तथा नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष नविना खत्री कार्कीद्वारा हस्तान्तरण गरेको विद्यालयका प्राध्यानापक खिमबहादुर बुढाथोकीले जानकारी दिए।

महानिरीक्षक कार्कीको बुवाको पहलमा वि.स. २०२८ सालमा स्थापना भएको यो स्कुल हाल कक्षा १२ सम्म (माध्यमिक तह) सम्म पढाइ हुने गरेको छ।

करिव ५ सयभन्दा बढी विद्यार्थीले अध्ययन गर्ने यो विद्यालयलाई सूचना प्रविधिसँग जोड्न र विद्यार्थीहरुको मनोबल उच्च राख्न महानिरीक्षक कार्कीले गरेको पहल उच्च प्रंशसनीय भएको विद्यालयका सूचना प्राविधिक शिक्षक बुद्धिनाथ पाण्डेले बताए।

# व्यापार संघद्वारा परिचयात्मक कार्यक्रम




बुटवल । रुपन्देही व्यापार संघद्वारा इलाका प्रहरी कार्यालय बुटवलमा भएका प्रहरी नायव उपरीक्षक निशान्त श्रीवास्तवसँग स्वागत तथा परिचयात्मक कार्यक्रम सम्पन्न गरेको छ । हालै मात्र इलाका प्रहरी कार्यालय बुटवलमा सरुव भई आएका श्रीवास्तवसँग संघले आफ्नो सचिवालयमा कार्यक्रम सम्पन्न गरेको हो।

कार्यक्रममा संघका अध्यक्ष प्रकाश ढकालले उनलाई स्वागत गर्दै समग्र बुटवलको व्यापार व्यावसायको स्थिति र शान्ति सुरक्षाका विषयमा धारणा व्यक्त गरेका थिए। यस्तै प्रहरी नायव उपरीक्षक निशान्त श्रीवास्तवले आफू बुटवलमा रहुञ्जेल निर्धक्क रुपमा व्यापार व्यावसाय गर्न व्यापारीहरुलाई वातावरण बनाउने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा संघका पदाधिकारी तथा कार्यसमितिको उपस्थिति रहेको थियो।

कार्यक्रम संघका अध्यक्ष प्रकाश ढकालको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारीको स्वागत, प्रथम उपाध्यक्ष ऋषिराम पाण्डेको धन्यवाद एवं महासचिव प्रकाशराज पौडेलको सञ्चालनमा सम्पन्न भएको थियो।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com